# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २०७ | काठमाडौं | बिहीबार, ११ मंसिर २०८२ | Prabhab National Daily | Thursday, 27 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


त्रिविका परीक्षा नियन्त्रकको पिएचडी फर्जी

## चार जनाविरूद्ध मुद्दा



अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छनोट समितिका तीन सदस्य र सह-परीक्षा नियन्त्रक डिल्लीराम प्रसाईंविरुद्ध विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर

■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिभुवन विश्वविद्यालयको सह-परीक्षा नियन्त्रक बन्न डिल्लीराम प्रसाईंले हुँदै नभएको विद्यावारिधी(पिएचडी) देखाएर नियुक्त खाएको आरोप लागेको छ। त्रिविको क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पूर्वाञ्चल, विराटनगरका सह-परीक्षा नियन्त्रक बन्न प्रसाईंले पिएचडी उपाधि देखाएको आरोपमा मुद्दा परेको छ।

प्रसाईंलाई मिलेमतो गरी उक्त पदमा नियुक्ती दिएको आरोपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छनोट समितिका तीन सदस्य र प्रसाईंविरुद्ध विशेष अदालत काठमाडौंमा आरोपपत्रसमेत दायर गरेको छ। सह-परीक्षा नियन्त्रक छनोट समितिका संयोजक प्राडा जयालक्ष्मी प्रधान तथा सदस्य प्राडा मोतिलाल शर्मा र प्राडा मेघराज पोखरेल रहेका थिए।

अख्तियारले प्रसाईंसँग मिलेमतो गरी परीक्षा परिणाम गणनामा अनियमितता गरेको, मापदण्डविपरीत अंक प्रदान गरेको र झुटो विवरणका आधारमा नियुक्ति सिफारिस गरेको आरोपपत्रमा उल्लेख छ। अख्तियारका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार त्रिभुवन विश्वविद्यालय क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पूर्वाञ्चल, विराटनगरका सह-परीक्षा नियन्त्रक प्रसाईंले उपाधि नपाइकन आफूलाई पिएचडी उपाधि प्राप्त उम्मेदवारका रूपमा प्रस्तुत गरी पद तथा सुविधा लिएका हुन्। 'कार्यालयको क्यालेन्डर र नेम प्लेट समेतमा डा. डिल्लीराम प्रसाईं लेख्ने गरेको खुल्न आएको देखिएकोबाट राष्ट्रसेवक निजले आफूसमेतलाई लाभ लिने बदनियत राखी आफूले प्राप्त नै नगरेको विद्यावारिधि पद, चिह्न, निस्सा पाएँ भनी प्रयोग प्रचलनमा ल्याएको र प्रयोगमा ल्याउन दरखास्त फारामसाथ पेस गरेको तथा प्रयोगमा लगाएको र विद्यावारिधिको नपाएको ओहदा पाएको भनी प्रयोगमा ल्याएको तथ्य स्थापित हुन आयो,' आरोप पत्रमा छ।

यसैगरी छनोट समितिले पनि बदनियत गरेको कसुर भएको उल्लेख गरिएको छ। 'उक्त सहपरीक्षा नियन्त्रक छनोट समितिका संयोजक प्राडा जयालक्ष्मी प्रधान, सदस्यहरू प्रा.डा. मोतिलाल शर्मा र प्रा.डा. मेघराज पोखेलले त्रिभुवन विश्वविद्यालयमा परीक्षाको परिणाम गणना गरी नियुक्तिको सिफारिस गर्नुपर्नेमा सहपरीक्षा नियन्त्रक पदका आवेदक निज डिल्लीराम प्रसाईंसँगको मिलेमतो तथा योजनामा बदनियत राखी परीक्षाको परिणाम फेरबदल गरी गराई सहपरीक्षा नियन्त्रक पद ओहोदा, हैसियत, सुविधा प्राप्त गर्ने गरी बदनियतपूर्वक भए गरेका कुरा लुकाइछिपाई वा नभए/नगरेका कुरा देखाई सोही झुट्टा विवरणको आधारमा नियुक्तिका लागि गलत प्रतिवेदनसहित सिफारिस गरे गराएकोमा सोही गलत प्रतिवेदनको आधारमा नियुक्ति गरेको तथ्य स्थापित भएकोले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमका कसूर भएको हुँदा निज प्रतिवादीहरू विरुद्ध आरोपपत्र दायर गरियो,' आरोपपत्रमा भनिएको छ।

अनुसन्धानका क्रममा प्रसाईंले आवेदन दिने समयमा विद्यावारिधि उपाधि प्राप्त भएको भनी झुटो कागजात पेस गरेको, मौखिक परीक्षा रोकिएको अवस्थामा नै उपाधि प्राप्त भएको दाबी गरेको र सोही आधारमा अतिरिक्त अंक पाई अन्तिम नामावलीमा परेको पुष्टि भएको आयोगले जनाएको छ। त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयले २०८१ साउन १७ र २२ गते सो पदका लागि सूचना प्रकाशित गरेको थियो।

क्रमशः पृष्ठ २ मा

## जेन–जीको घेराबन्दीमा प्रधानमन्त्री कार्की



जेन-जीको प्रश्न जनाउ घन्टी हो। आरोपीलाई जिम्मेवार ठहर्‍याउनुपर्छ, होइन भने सरकार अप्ठेरोमा पर्छ

■ डा. तारानाथ घिमिरे
राजनीतिशास्त्री



- प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालविरूद्ध जेन-जीहरु सडकमा
- कार्की र अर्यालको राजीनामा माग
- दण्डहीनता र नातावादलाई प्रश्रय दिएको आरोप
- विरोध प्रदर्शनपछि प्रधानमन्त्रीको सचिवालयको आकार घटाइयो

### सरकारसँगको वार्ता निष्कर्षविहीन

बुधबार भदौ २३ र २४ गतेको 'आन्दोलनका उपलब्धि' लाई संस्थागत गर्ने विषयमा जेन-जी समूह र सरकारी पक्षबीच सिंहदरबारमा छलफल भएको थियो। तर 'जनसंहार' शब्दमा सरकारले असहमति राख्दा छलफल निष्कर्षविहीन बनेको छ। जेन-जी समूहले केही दिनअघि प्रधानमन्त्री सुशीला कार्कीलाई यसबारे मस्यौदा बुझाएका थिए। उक्त मस्यौदालाई प्रधानमन्त्री कार्यालयबाट पूर्णता दिएर राष्ट्रपतिसँग सम्झौता गर्ने तयारी भइरहेको छ। तर, मस्यौदाका विभिन्न बुँदामा सहमति जुटेको छैन।

बुधबार प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार अजयभद्र खनाल, सचिव फणीन्द्र गौतमलगायत सरकारी प्रतिनिधिहरू सहभागी थिए। जेन-जीको तर्फबाट मोनिका निरौला, आकृति घिमिरे, मनिष खनाल र सात प्रदेशका संयोजकहरूको प्रतिनिधिको रूपमा कोशी प्रदेश संयोजक उपार्जुन चाम्लिङ सहभागी थिए।

क्रमशः पृष्ठ २ मा

■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्याल जेन-जीहरूकै घेराबन्दीमा पर्न थालेका छन्। मिरज ढुंगाना नेतृत्वको जेन-जीहरूले बुधबार कार्की र अर्यालको विरोध गर्दै प्रदर्शन गरे।

हातमा कालोपट्टी बाँधेर सिंहदरबारतिर अघि बढ्दै गर्दा भने उनीहरूलाई प्रहरीले नियन्त्रणमा लियो। त्यस क्रममा पनि उनीहरूले कार्की सरकारविरुद्ध नाराबाजी गरे। सरकारले सिंहदरबार प्रवेशमा रोक लगाएको चर्चामाझ ढुंगाना समर्थित जेन-जीहरू आन्दोलित भएका हुन्। नातावादको अन्त्य र सुशासनजस्ता मुद्दा उठाएर भएको आन्दोलनको जगमा बनेको कार्की नेतृत्वको सरकारसँग जोडिएका दुई विवादका कारण जेन-जी युवाहरू आन्दोलित बनेका छन्।

पहिलो, राजधानीको एउटा निजी फर्टिलिटी क्लिनिकले दुई जना नाबालिगबाट डिम्ब संकलन गरेको विषयमा प्रहरीले त्यसका सञ्चालकलाई पक्राउ गरेर अनुसन्धान गरिरहेकोमा महान्यायाधिवक्ताको कार्यालयले मुद्दा नचल्ने निर्णय गर्‍यो। महान्यायाधिवक्ता सविता भण्डारी हुन्।

उनी नेतृत्वको महान्यायाधिवक्ता कार्यालयले उनको स्वार्थ जोडिने उक्त मुद्दालाई गत कात्तिकमा नचल्ने निर्णय गरेको थियो। उनी स्वयंले उक्त फर्टिलिटी क्लिनिकसँग आफ्नो संलग्नता स्वीकारिसकेकी छिन्। तर, मुद्दा नचलाउने निर्णयमा आफ्नो संलग्नतामा उनको स्वीकारोक्ति छैन।

यो मामिलालाई जोडेर आलोचकहरू कार्की सरकार पनि दण्डहीनताउन्मुख भएको भन्दै विरोध गर्छन्। हुन पनि जेन-जी विद्रोहको एउटा आदर्श दण्डहीनताको अन्त्य थियो। सुशासन कायम र नातावादको अन्त्य पनि थियो। जब महान्यायाधिवक्ता भण्डारीले स्वार्थको द्वन्द्व झल्किने मुद्दालाई नचल्ने निर्णय गरिन्। त्यही निर्णयले कार्की सरकारविरुद्ध मुख्य स्टेकहोल्डर मानिने जेन-जीहरू नै सडक प्रदर्शनमा देखिएका हुन्।

राजनीतिशास्त्री डा. तारानाथ घिमिरे यो कार्की सरकारका लागि जनाउ घन्टी बताउँछन्। बेलैमा सुझबुझपूर्ण कदम नचाले सरकारकै औचित्यमाथि प्रश्न उठ्ने उनको विश्लेषण छ। 'अहिले जो माथि जे विषयलाई लिएर प्रश्न उठ्यो त्यो ठीक होइन। आरोपीलाई जिम्मेवार ठहर्‍याउनुपर्छ, होइन भने सरकार अप्ठेरोमा पर्छ,' उनले प्रभावसँग भने।

महान्यायाधिवक्ता भण्डारीमाथि राजीनामाको दबाब बढेको छ। राजीनामा दिने छाँटकाट भने देखाएकी छैनन्। उनले जेन-जी विद्रोहको आदर्शविपरीत उक्त कदम चालेको टिप्पणी हुने गरेको छ, जसले कार्की सरकार पनि दण्डहीनताको पक्षधर देखिएको आरोप लाग्न थालेको छ। यसबीच बुधबार जेन-जीहरूबाटै आन्दोलन भयो।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## यूएईले दिन थाल्यो भिसा, माग्यो पुलिस रिपोर्ट

- नोभेम्बर १८ तारिखबाट त्यहाँका सरकारी तथा अर्धसरकारी क्षेत्रको भिसा दिइएको थियो
- मंगलबारबाट नीजि कम्पनीले पनि पुलिस रिपोर्टसहित भिसाको लागि पेश गर्न आग्रह
- भिसा बन्द भएयता कात्तिकमा २६५ जनामात्र गएका यूएई गएका थिए



■ प्रभाव संवाददाता

**काठमाडौं–** संयुक्त अरब इमिरेट्स (यूएई)का नीजि कम्पनीले श्रमिक भिसाका लागि 'पुलिस रिपोर्ट' माग्न थालेका छन्। योसँगै नेपालीका लागि केही महिनादेखि अघोषित रूपमा बन्द भएको यूएईको श्रम बजार सामान्यतर्फ उन्मुख हुन थालेको व्यवसायीले बताएका छन्।

भदौ २३ र २४ गते जेन-जी विद्रोहयता यूएईले नेपाली श्रमिकको भिसा रोकेको थियो। त्यहाँको सरकारले औपचारिक जानकारी बिनै भदौ ३० यता भिसा बन्द गरिदिएको थियो। त्यसयता नोभेम्बर १८ तारिखबाट त्यहाँका सरकारी तथा अर्धसरकारी क्षेत्रको भिसा दिइएको थियो। मंगलबारबाट नीजि कम्पनीले पनि पुलिस रिपोर्टसहित भिसाको लागि पेश गर्न भनेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेश बस्नेतले बताए।

'युएईको समस्या समाधानका लागि व्यवसायीको सल्लाह, सुझाव लिएर हामीले सरकारका विभिन्न निकायलाई ध्यानाकर्षण गराएका थियौं। मंगलवारबाट केहस् सकारात्मक संकेत देखिएका छन्,' बस्नेतले भने, 'त्यहाँका कम्पनीले भिसाको लागि पुलिस क्लियरेन्स सर्टिफिकेट पेश गर्न भनेका छन्। यूएईको रोजगारी समाधानतर्फ उन्मुख भएको देखिन्छ।'

यूएईमा नेपाली श्रमिक पुलिस रिपोर्टबिनै जाँदै आएका थिए। जेन-जी विद्रोहमा मुलुकभरका जेलबाट भागेका कैदिबन्दीका कारण सुरक्षा चुनौति देखिएको भन्दै भिसा रोकिएको त्यहाँका कम्पनीले बताएका थिए। सुरक्षाको विषयलाई ध्यानमा राख्दै पुलिस रिपोर्ट लिएर कामदार लग्ने प्रक्रियालाई निरन्तरता दिन खोजेको देखिन्छ।

नेपाल यूएईको प्रमुख स्रोत मुलुकमध्ये पर्छ। नेपालबाट पनि दैनिक पाँचदेखि आठ सय श्रमिक संस्थागत, व्यक्तिगत र श्रम स्वीकृति नवीकरण गरेर रोजगारीमा जाँदै आएका छन्। जेन-जी विद्रोहपछि अवस्था सामान्य हुँदै गएपनि हालसालै बाराको गतिविधिजस्ता कारणले पनि रोजगारदाता सशंकित हुने अवस्था आउने भएकाले यसलाई नियन्त्रण गरिनुपर्ने व्यवसायी बताउँछन्।

यूएई नेपाली युवाहरूको प्रमुख रोजाइको श्रम गन्तव्य बन्दै आएको छ। प्रत्येक महिना १५ हजारभन्दा बढी युवा संस्थागत माध्यमबाट यूएई जाँदै आएकोमा यूएई बन्द भएयता असोज महिनामा सात हजार २३७ र कात्तिकमा २६५ जनामात्र गएका थिए। गत आर्थिक वर्ष २०८१/८२मा सबैभन्दा धेरै दुई लाख ७४ हजार ५९० जना रोजगारीका लागि यूएई गएका थिए। त्यस्तै ०८०/८१मा एक लाख ९३ हजार ४३८ जना गएका थिए।

## गौशाला प्रहरी वृत्तलाई संघको भवन





■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले गौशाला प्रहरी वृत्तमा निर्माण गरेको भवन हस्तान्तरण गरेको छ। बुधवार विशेष कार्यक्रमको आयोजना गर्दै उक्त भवनको हस्तान्तरण गरिएको हो।

गत भदौ २३ र २४ गतेको जेन-नी आन्दोलनबाट क्षतिग्रस्त प्रहरी वृत्तमा संघले २० लाख लागतमा चार कोठाको कार्यालय भवन र तीन कोठाको थुनुवा कक्ष निर्माण गरिदिएको छ। कार्यक्रममा संघका अध्यक्ष भुवनसिंह गुरुङले सबैको साथ र सहयोगले निर्माण सफल भएको बताए। शान्ति सुरक्षाको प्रत्याभुति नभए मानिसको जीवन कठिन हुने भन्दै सबै नागरिकको सुरक्षाका लागि उक्त सहयोग गरिएको गुरुङको भनाइ छ। 'प्रहरी नभएको अवस्थामा अब के हुने हो भनेर त्रासमा बस्नुपर्ने अवस्थाबनेको थियो। प्रहरीहरूलाई फेरी विगतकै जसरी कामकारवाहीमा फर्काउनपर्छ भनेर सहयोग गरेका हौं,' गुरुङले भने।

संघले उक्तः प्रहरी वृत्तको मुख्य भवन पनि बनाइदिने जनाएको छ। उक्त काम पनि चाँडै सुरु गरिने गुरुङले बताए। 'जलेको पक्की भवन पनि चाँडै बनाउने जिम्मा लिएका छौं। आगामी दिनमा पनि राम्रो काममा जुट्न पाइराखौं,' गुरुङले भने। उक्त पक्की भवन बनाउन एक करोड ६० लाख लाग्ने अनुमान गरिएको जनाइएको छ।

कार्यक्रमका प्रमुख अतिथि तथा जिल्ला प्रहरी परिसर कार्यालय काठमाडौंका कार्यालय प्रमुख प्रहरी वरिष्ठ उपरिक्षक रमेश थापाले यस्ता सहयोगका कारण काठमाडौंका सबै प्रहरी कार्यालयहरू सञ्चालनमा आएको बताए। विभिन्न संघ संस्थाले देखाएको सहयोगप्रति थापाले आभार प्रकट गरेका छन्। 'यस्तो त्रासदीपूर्ण घटना बढ्छ भनेर तपाइँ हामी कसैले पनि कल्पना गरेका थिएनौं,' थापाले भने, 'घटनाकै भोलिपल्टबाटै हामीलाई साथ, सहयोग र ढाडस दिएनुभयो। उक्त सहयोग बयान गर्न नसकिने खालको छ।'

पृष्ठ १ बाट क्रमश:

## जेन-जीको...

जेन-जी मुभमेन्ट अलायन्सका रिजन रानामगर स्वार्थको द्वन्द्व देखिएको आरोप लागेकी महान्यायाधिवक्ता भण्डारीले राजीनामा गर्नु उचित हुने बताउँछन् । उनले भने, 'हामीले पनि उहाँको राजीनामा आउनुपर्छ भनेका छौं । तर, आएको छैन ।'

कार्की सरकार विवादित बनेको अर्को प्रकरण सचिवालयमा नाताका मानिसहरूको नियुक्ति हो । प्रधानमन्त्री कार्कीले आफू प्रधानमन्त्री बनेलगत्तै नियुक्त गरेकी प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठले आफ्नी श्रीमतीसहित आफन्तलाई प्रधानमन्त्रीको सचिवालयमा नियुक्ति दिलाएको खुल्यो । श्रेष्ठले आफू सचिवस्तरीय र श्रीमतीलाई सहसचिवस्तरीय नियुक्ति दिलाएको खुलेपछि सरकारको सर्वत्र विरोध भयो । नातावाद विरुद्धसमेत जेन-जीहरूले विद्रोह गरेको तीन महिना भएको छैन । तर, नातावादमैत्री प्रधानमन्त्री कार्कीको सचिवालय देखियो । यसको भने प्रधानमन्त्री कार्यालयले खण्डन भइसकेको छ । थर मिलेकै कारण नातावादसँग जोडेर प्रचार नगर्न प्रधानमन्त्री कार्यालयको आग्रह छ ।

'प्रधानमन्त्रीको निवासमा रही नजिकबाट सहयोग गर्नुपर्ने र चौबीसै घण्टा पनि सँगै रहेर खट्नुपर्ने भएकाले सुरक्षाका कारणबाट समेत विश्वासिलो, भरपर्दो र रातदिन खटिएर काम गर्न सक्ने व्यक्तिको कानुनसम्मत नियुक्तिलाई लिएर प्रश्न उठाई अन्यथा व्याख्या नगर्न अनुरोध छ,' प्रधानमन्त्री कार्यालयले विज्ञप्तिमार्फत भनेको थियो ।

यद्यपि, प्रधानमन्त्री सचिवालयमा श्रेष्ठले श्रीमतीसहित आफन्तहरूलाई नियुक्ति दिलाएको विवरण तथ्यपूर्ण थियो, सोहीकारण बुधबार सचिवालयमा विज्ञ समूहको आकार घटाउने निर्णय प्रधानमन्त्री कार्कीले गरिन् । २० सदस्य सचिवालयबाट १४ जनालाई हटाइएको छ । छ जनालाई मात्रै कायम राखिएको छ, जसअनुसार अब मुख्य सल्लाहकार, जनसम्पर्क सल्लाहकार, प्रमुख स्वकीय सचिव, प्रेस संयोजक र स्वकीय शाखा अधिकृत (फोटोग्राफर) र जनस्वास्थ्य विज्ञ (अवैतनिक) गरी ६ जना मात्र कायम राखिने भएको छ । बाँकी सबै पदको नियुक्ति आजबाट लागू हुनेगरी खारेज भएको छ ।

■■■

## सरकार...

आन्दोलनका क्रममा मृत्यु भएकालाई शहीद घोषणा गर्नुपर्ने, घाइतेलाई राहत र नि:शुल्क उपचारको व्यवस्था गर्नुपर्ने, 'दमन' मा जिम्मेवार अधिकारीहरूमाथि कारबाहीका लागि स्वतन्त्र आयोग गठन गर्नुपर्ने उनीहरूको माग छ ।

यस्तै आगामी निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयमुक्त हुनुपर्ने, प्रवासी नेपालीलाई समेत मताधिकार सुनिश्चित गर्नुपर्ने प्रस्ताव मस्यौदामा गरिएको छन् । युवा, महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम र सीमान्तकृत समुदायको पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न उच्चस्तरीय संविधान संशोधन सुझाव कार्यदल गठन गर्ने पनि उल्लेख छ ।

'समानुपातिक, समावेशी र अधिकतम परिपूरणीय अधिकार सम्पन्न र अर्थपूर्ण सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प गर्ने' भन्ने बुँदामा 'अधिकतम परिपूरणीय' भन्ने शब्दमा सरकारी पक्षले असहमति जनाएको बताइएको छ । त्यसैगरी मस्यौदामा 'जनसंहार' भन्ने राखिएको र सरकारी पक्ष यो शब्द राख्न तयार देखिएनन् ।

'सरकारले गरेको क्रूर दमन र हिंसा' भनेपछि 'सुरक्षा संयन्त्रको बर्बरता' भनिरहन नपर्ने सुझाव सरकारी प्रतिनिधिले राखेका थिए । संक्रमणकालीन न्यायको आधारभूत सिद्धान्त, सत्य निरूपण तथा मेलमिलाप आयोग (टिआरसी)को प्रक्रिया अपनाएर आन्दोलनको निष्पक्ष छानबिन गर्ने जेन-जीहरूको माग पनि पूरा गर्न नसकिने सरकारी प्रतिनिधिहरूको धारणा छ ।

जेनजीले बुझाएको मस्यौदामा आन्दोलनका दोषीलाई निर्वाचनमा सहभागी गराउन नहुने बुँदा पनि समावेश थियो । तर, यसरी रोक लगाउन नसकिने सरकारी प्रतिनिधिहरूले बताए ।

■■■

## चार जनाविरुद्ध...

त्यसअनुसार तीन सदस्यीय समितिले प्रसाईंलाई विद्यावारिधि शीर्षकको आठ अंक प्रदान गरी २०८१ मंसिर १९ गतेदेखि लागू हुने गरी नियुक्ति सिफारिस गरे पनि प्रस्तुत कागजातको आधिकारिकता जाँच नगरेको आयोगको निष्कर्ष छ ।

प्रसाईंले नपाएको 'डा' उपाधिको प्रयोग विभिन्न कागजात, नेमप्लेट, क्यालेन्डर तथा विदेश सेमिनारसम्बन्धी प्रमाणपत्रमा गरेको पाइएको आयोगले जनाएको छ । आयोगले समितिका संयोजक तथा सदस्यहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ तथा १९(२०) बमोजिम र प्रसाईंविरुद्ध दफा १६, १७(१०) र २४ बमोजिम सजाय माग गर्दै विशेष अदालतमा आरोपपत्र दायर गरेको हो ।

सह-नियन्त्रक बन्नका लागि पिएचडी पुरा नगरी पदमा नियुक्ती लिएको प्रसाईंले यसअघि स्विकारेका थिए । उक्त पदका लागि छनोट समितिले प्रसाईंसहित पाँच जनाको सर्ट लिस्ट सार्वजनिक गरेको थियो । जसमा प्रसाईंको नाम पहिलो नम्बरमा राखिएको थियो । उक्त सूचीमा डा गोविन्दप्रसाद गुरागाईं, डा प्रमोदकुमार खेरवार, डा सत्यनाराण साह र डा तुलसीप्रसाद निरौला थिए ।

# विशेष महाधिवेशनको दबाव कायमै हुँदा सऱ्यो कांग्रेस बैठक



**काठमाडौं–** नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक फेरि पनि सरेको छ । महाधिवेशन कार्यतालिका ल्याउने विषयमा सहमति नजुटेपछि आज बस्ने भनिएको बैठक बुधबार साँझ स्थगित भएको कांग्रेसले जनायो ।

पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले वक्तव्य जारी गर्दै मङ्सिर ११ गते बिहीबार दिउँसो २:०० बजे पार्टीको केन्द्रीय कार्यालय, बिपी स्मृति भवन, बिपीनगर, ललितपुरमा बस्ने भनिएको बैठक २०८२ मङ्सिर १२ गते शुक्रबार दिउँसो २:०० बजे बस्ने भएको हो ।

यसअघि पनि कांग्रेसले केन्द्रीय समिति पटकपटक सार्दै आएको थियो । बुधबार कांग्रेसका विशेष महाधिवेशन पक्षधरले राष्ट्रिय सभागृहमा विशेष सभा आयोजना गऱ्यो । सभामा विशेष महाधिवेशनको माग गर्दै हस्ताक्षर गरेका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधि सहभागी रहेको जनाइएको छ । उक्त सभालाई सम्बोधन गर्दै नेपाली कांग्रेसका नेता ओमकार श्रेष्ठले पार्टीकै केही पदाधिकारीहरूले महाधिवेशन रोकेको आरोप लगाए । 'अहिलेको अवस्थामा महाधिवेशनको विकल्प छैन,' श्रेष्ठले भने । श्रेष्ठ विसं २०१४ मा कांग्रेसले आयोजना गरेको विशेष महाधिवेशनमा सहभागी भएका नेता हुन् ।

कांग्रेसका अर्का नेता गुरुराज घिमिरेले बीसौं वर्ष सत्ताको चास्नीमा डुबेकाले पार्टीका योद्धाको हस्ताक्षरलाई नक्कली भन्ने अधिकार नभएको बताए । 'कसको हो नक्कली हस्ताक्षर ? निकाल्न हामी चुनौती दिन्छौं । पार्टीका साथीहरूको योगदानका आधारमा पदमा बसेर साथीहरूको आग्रहलाई लल्कार्न पाइँदैन,' घिमिरेले भने ।

कांग्रेसका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशनको माग गर्दै गत असोज २९ गते केन्द्रीय कार्यालयमा हस्ताक्षरसहितको निवेदन दर्ता गरिसकेका छन् । तर संस्थापन पक्षले विशेष महाधिवेशन हुनै नसक्ने अडान राख्दै आएका छन् ।


**कुवेतमा रोजगार**

कम्पनी : BURGAN PUBLIC FACILITIES MANAGEMENT CO.

पूर्व स्वीकृति मिति : २०८२/०८/१० LT. No. 334216 चलानी नं. ६०२४७७३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 15 | 40 | 85 | ३९,३२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FOUR SQUARE PUBLIC UTILITIES MANAGEMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/१० LT. No. 334106 चलानी नं. ६०२४७७२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners/ Lobors/ Heleprs/ordinary Labor | 80 | 0 | 100 | ४६,२६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Driver (local license) | 1 | 0 | 160 | ७४,०२९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १८ गते (4th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1657/080/81

AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED

New Baneshwor-10, Thapagaun, Kathmandu, Landline No : 01-4586367, 4586366,
Mob: 9810003423/970-4414954, E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com

**कुवेतमा रोजगार**

कम्पनी : BUTTERFLY KUWAITI CO. FOR SWEETS & PASTRIESW.L.L.

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१० LT. No. 330117 चलानी नं. ६०२४४०४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver (Nepali License) | 2 | 0 | 150 | ६४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Restaurant (Kitchen Helper) | 8 | 3 | 100 | ४५,८३० | | | | | | | |
| 3 | Cleaners (Indoor) | 2 | 0 | 90 | ४१,२५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १८ गते (4th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License No. 1613/079/080

EXPRESS RECRUITER NEPAL PVT. LTD

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897, 5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

**कुवेतमा रोजगार**

कम्पनी : SWIFT TRACK CONSUMER DELIVERY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/१० LT. No. 334325 चलानी नं. ६०२४७७८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER LIGHT VEHICALE | 20 | 0 | 140 | ६४,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १८ गते (4th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


FRONTLINE RECRUITMENT PVT.LTD.

Frontline Recruitment

Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com

Govt. License 886/067/068

**युएइमा रोजगार**

कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०३/२४ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०८/१० LT. No. 326923 चलानी नं. ६०२४०८६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer/Building worker | 70 | 0 | 800 | ३०,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १८ गते (4th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Green Star Overseas Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com

**साउदी/कुवेत/ओमनमा रोजगार**

कम्पनी : NAL ARABIA CONTRACTING ESTABLISHMENT शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ LT. No. 333473 चलानी नं. ६०२४७१६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 40 | 0 | 1000 | ३७,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १९/२०/२१ गते (5/6/7 Dec. 2025) मा हुनेछ ।

कम्पनी : ABDULAZIZ ABDULLAH BIN AKRESH CONTRACTING CO. शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०५/०३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१० LT. No. 329603 चलानी नं. ६०२४३४७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ४३,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NUTRITION & DIET CENTER CO. शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०४/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१० LT. No. 329188 चलानी नं. ६०२४३२३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ५३,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HOSPITAL CLEANING WORKER | 5 | 0 | 1000 | ५३,४६० | | | | | | | |

कम्पनी : NAIF FOOD CO. WLL. शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०४/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१० LT. No. 305821 चलानी नं. ६०२२२९९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Tools Cleaner (Indoor) | 65 | 75 | 85 | ४३,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INTERNATIONAL FACILITIES MANAGEMENT शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८०/११/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१० LT. No. 300561 चलानी नं. ६०२१५४५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FEMALE CLEANER | 0 | 9 | 100 | ५३,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MALE CLEANER | 11 | 0 | 100 | ५३,४६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १७ गते (3rd Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


All Asia Overseas Pvt.Ltd

Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

श्रम ईजाजत नं. १३०५/०७४/०७५


## Bhotkhola Rural Municipality

## Office of the Rural Municipal Executive

**Hatiya, Sankhuwasabha**

## Invitation for Online Bids

**Date of Publication: B.S. 2082/08/11 (27 Nov 2025)**

1. Bhotkhola Rural Municipality, Office of the Rural Municipal Executive, Malhaniya, Saptari invites electronic bids from eligible bidders for following works under National Competitive Bidding process:

| S. N. | Contract No. | Description of Work | Estimated Amount with VAT & PS (NRs.) | Bid Security Amount (NRs.) | Price of Bid Document NRs | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1. | BKRM/ NCB/ WORKS/ 03/082/83 | Construction Work for Hostel Building of Shree Arunodaya Ma Bi, Lingam | 70,22,394.23 | 1,89,000.00 (120 Days validity) | 3,000.00 (Non-Refundable) | 28 Dec 2025 At 15:00 hours |

2. Eligible Bidders may visit PPMO website (www.bolpatra.gov.np/egp) for applying and can Visit https://bhotkholamun.gov.np for detail information regarding this bid .

**Chief Administrative Officer**

## Marma Rural Municipality

## Office of Rural Municipal Executive

**Latinath, Darchula**

## Invitation for Bids

**Date of publication: 2025/11/27 (2082/8/11)**

1. Marma Rural Municipality, Latinath, Darchula invites electronic bids from Nepalese eligible bidders for the following contracts under National Competitive Bidding procedures.

| S. N | Contract ID | Description of Work and Contract No. | Bid Security Amount (NRs.) | Price of Bidding Document (NRs.) | Bid Submitted Date & Time | Bid Opening Date & Time |
|---|---|---|---|---|---|---|
| 1. | MARMA/ NCB/GOODS / 01/082-083 | Purchase & Delivery of furniture and educational materials to enhance the quality of educational services | 73,000 (120days) | 3,000 | 2025-12-28 (12:00)hours | 2025-12-28 (13:00)hours |
| 2. | MARMA/ NCB/GOODS / 02/082-083 | Procurement & Delivery of health Equipment supplies and medicines for the improvement of basic health services | 73,000 (120days) | 3,000 | 2025-12-28 (12:00)hours | 2025-12-28 (13:00)hours |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Marma Rural Municipality, Latinath, Darchula , Phone: 9769876101, E-mail: rm.marma.darchula@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Eligible bidders may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders should deposit the cost (as specified above) of bidding document in the bank account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Laxmi Sunrise bank Latinath,darchula .

   Office Account no.: 0830552746703006 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account

   Office Account no.: 0830552746703004 (For Bid Security deposit), A/C Name: Dharauti Khata
4. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.

**Chief Administrative Officer**

# दल दर्ता गर्ने समय चार दिन थप

**काठमाडौं–** निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलले निवेदन दिने समय चार दिन थप्ने निर्णय गरेको छ ।

यसअघिको स्वीकृत कार्यक्रमअनुसार यही मङ्सिर १ गतेदेखि आजसम्मका लागि सो समय दिइएकामा विभिन्न पक्षको आग्रहमा आयोगको बुधबारको बैठकले चार दिन समय थप्ने निर्णय गरेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

मङ्सिर १ गतेदेखि १० गतेसम्म प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनका लागि १०६ वटा दलबाट निवेदन प्राप्त भएको जनाइएको छ । आयोगमा दर्ता कायम रहेका ठूलालगायत नयाँ-पुराना अधिकांश दलले प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रयोजनका लागि निवेदन दिइसकेका छन् । आयोगमा हालसम्म दर्ता कायम रहेका दलहरूको सङ्ख्या १३७ रहेको आयोगले जनाएको छ। यो निर्वाचनको पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) तर्फमा उम्मेदवारको मनोनयन आगामी माघ ६ गते हुने कार्यक्रम रहेको छ । प्रतिनिधिसभा निर्वाचनको मिति आउन अब ९९ दिन बाँकी रहेको छ ।

यसैगरी आगामी ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनमा भाग लिन चाहने दलहरूले सो निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता गर्ने अवधि मङ्सिर १ गतेदेखि ७ गतेसम्म तोकेकामा उक्त अवधिमा १३ वटा दलबाट निर्वाचन प्रयोजनका लागि निवेदन प्राप्त भएकोसमेत आयोगले जनाएको छ ।

# जेन-जी आन्दोलनमा तोडफोडमा संलग्न ४३ जना पक्राउ

**चितवन–** जेनजी आन्दोलनका क्रममा जिल्लाका विभिन्न क्षेत्रमा तोडफोड, आगजनी र लुटपाट गर्ने ४३ जनालाई पक्राउ गरी कारबाही गरिएको छ । जिल्ला प्रहरी कार्यालय चितवनले उजुरीका आधारमा उनीहरूलाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालका अनुसार पक्राउ परेकाहरूलाई आपराधिक उपद्रव, चोरी, अभद्र व्यवहार र लागुऔषध मुद्दामा कारबाही गरिएको छ। पक्राउ परेकालाई म्याद थप गरेर अनुसन्धान गरी कसुर अनुसारको कारबाही गरिएको खनालले बताए ।

आन्दोलनका क्रममा सरकारी कार्यालय, निजी घर र व्यावसायिक प्रतिष्ठानहरूमा आगजनी, तोडफोड तथा लुटपाट भएको थियो। आन्दोलनमा घुसपैठ गर्नेहरूलाई कानुनी दायरामा ल्याउने क्रममा पक्राउ गरिएको उहाँले जानकारी दिए । आन्दोलनका क्रममा जिल्लाका ७९ वटा सार्वजनिक संरचना, १६ वटा निजी आवास तथा व्यावसायिक प्रतिष्ठान र तीन वटा पार्टी कार्यालयमा तोडफोड, आगजनी तथा लुटपाट भएको जिल्ला प्रशासन कार्यालय चितवनको तथ्याङ्कमा उल्लेख छ । *रासस*

## एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मिति: २०८२।०८।११ को प्रभाव राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८२।०८।१८ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं । प्रचलित कानूनको अधिनमा रही बैंकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण:**

**१. ऋणीको नामः शिवगुरु खाध्यान्न उद्योग** — **कर्जा शिर्षकः** क्यास क्रेडिट सुविधा, चालुलुपूंजी कर्जा र डिमाण्ड कर्जा
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवामा दर्ता रहेको), दर्ता नं.: ६२५८/०७३/०७४, दर्ता मितिः २०७४/०१/१०, स्थायी लेखा नं.: ६०६०९६७८६, ठेगानाः सर्लाही जिल्ला, कविलासी गा.वि.स. वडा नं. ८ हाल परिवर्तित सर्लाही जिल्ला, कविलासी न.पा. वडा नं. ७।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**
रमेश दासः ना.प्र.प.नं (जारी मिति/स्थान): १९३०८९/९१६(२०६३/१२/२६/सर्लाही), बाजेको नामः राम वृक्ष दास, बाबुको नामः रामसेवक दास कठवनिया, ठेगानाः सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ७।

**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. मुकेश दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६४११४८५(२०५९/१०/०३/सर्लाही), बाजेको नामः राम वृक्ष दास, बाबुको नामः रामसेवक दास कठवनिया, ठेगानाः सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ६।
**ख. निलम कुमारी दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): १९-०२-७३-०३७९०(२०७३/०८/०९/सर्लाही), ससुराको नामः रामसेवक दास कठवनिया, पतिको नामः रमेश दास, ठेगानाः सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ९।
**ग. पुकार दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६४१०८१८(२०५७/०४/११/सर्लाही), बाजेको नामः राम वृक्ष दास, बाबुको नामः रामसेवक दास कठवनिया, ठेगानाः सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ७।
**घ. रामसेवक दास कठवनियाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३५६९०४५०(२०४३/०९/०१/सर्लाही), बाजेको नामः कोदै दास, बाबुको नामः राम वृक्ष दास, ठेगानाः सर्लाही जिल्ला, गोडैता गा.वि.स. वडा नं. ३।
**ङ. संगीता दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): १९-०२-७४-०५५९३(२०७४/१२/०५/सर्लाही), बाबुको नामः वेचन दास, ससुराको नामः रामसेवक दास कठवनिया, पतिको नामः पुकार दास, ठेगानाः सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ९।
**च. सुकार दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६४१०७७७(२०५७/०३/१४/सर्लाही), बाजेको नामः राम वृक्ष दास, बाबुको नामः रामसेवक दास कठवनिया, ठेगानाः सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ७।
**छ. सुमित्रा देवी दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): १९/२०८९/४८७(२०६७/०६/०४/सर्लाही), ससुराको नामः राम वृक्ष दास, पतिको नामः रामसेवक दास कठवनिया, ठेगानाः सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ७।

**२. ऋणीको नामः जय हनुमान राईस मील** — **कर्जा शिर्षकः** क्यास क्रेडिट र चालुलुपूंजी कर्जा
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवामा दर्ता रहेको), दर्ता नं.: ४२५२/०६८/०६९, दर्ता मितिः २०६८/०४/०८, स्थायी लेखा नं.: ६००१७५१५५, ठेगानाः सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ८ हाल परिवर्तित सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**
**रामसेवक दास कठवनियाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३५६९०४५०(२०४३/०९/०१/सर्लाही), बाजेको नामः कोदै दास, बाबुको नामः राम वृक्ष दास, ठेगानाः सर्लाही जिल्ला, गोडैता गा.वि.स. वडा नं. ३।

**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. मुकेश दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६४११४८५(२०५९/१०/०३/सर्लाही), बाजेको नामः राम वृक्ष दास, बाबुको नामः रामसेवक दास कठवनिया, ठेगानाः सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ६।
**ख. निलम कुमारी दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): १९-०२-७३-०३७९०(२०७३/०८/०९/सर्लाही), ससुराको नामः रामसेवक दास कठवनिया, पतिको नामः रमेश दास, ठेगानाः सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ९।
**ग. पुकार दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६४१०८१८(२०५७/०४/११/सर्लाही), बाजेको नामः राम वृक्ष दास, बाबुको नामः रामसेवक दास कठवनिया, ठेगानाः सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ७।
**घ. रमेश दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): १९३०८९/९१६(२०६३/१२/२६/सर्लाही), बाजेको नामः राम वृक्ष दास, बाबुको नामः रामसेवक दास कठवनिया, ठेगानाः सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ७।
**ङ. सुकार दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६४१०७७७(२०५७/०३/१४/सर्लाही), बाजेको नामः राम वृक्ष दास, बाबुको नामः रामसेवक दास कठवनिया, ठेगानाः सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ७।
**च. सुमित्रा देवी दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): १९/२०८९/४८७(२०६७/०६/०४/सर्लाही), ससुराको नामः राम वृक्ष दास, पतिको नामः रामसेवक दास कठवनिया, ठेगानाः सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ७।

**३. संयुक्त ऋणीको नामः पुकार दास/विक्रम दास** — **कर्जा शिर्षकः** शैक्षिक कर्जा
**पुकार दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६४१०८१८(२०५७/०४/११/सर्लाही), बाजेको नामः राम वृक्ष दास, बाबुको नामः रामसेवक दास कठवनिया, ठेगानाः सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ७।
**विक्रम दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): १९-०२-७६-०२४०५(२०७६/०३/१६/सर्लाही), बाजेको नामः रामसेवक दास कठवनिया, बाबुको नामः पुकार दास, ठेगानाः सर्लाही जिल्ला, हरिवन न.पा वडा नं. ९।

**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. मुकेश दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६४११४८५(२०५९/१०/०३/सर्लाही), बाजेको नामः राम वृक्ष दास, बाबुको नामः रामसेवक दास कठवनिया, ठेगानाः सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ६।
**ख. निलम कुमारी दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): १९-०२-७३-०३७९०(२०७३/०८/०९/सर्लाही), ससुराको नामः रामसेवक दास कठवनिया, पतिको नामः रमेश दास, ठेगानाः सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ९।
**ग. रमेश दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): १९३०८९/९१६(२०६३/१२/२६/सर्लाही), बाजेको नामः राम वृक्ष दास, बाबुको नामः रामसेवक दास कठवनिया, ठेगानाः सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ७।
**घ. रामसेवक दास कठवनियाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३५६९०४५०(२०४३/०९/०१/सर्लाही), बाजेको नामः कोदै दास, बाबुको नामः राम वृक्ष दास, ठेगानाः सर्लाही जिल्ला, गोडैता गा.वि.स. वडा नं. ३।
**ङ. संगीता दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): १९-०२-७४-०५५९३(२०७४/१२/०५/सर्लाही), बाबुको नामः वेचन दास, ससुराको नामः रामसेवक दास कठवनिया, पतिको नामः पुकार दास, ठेगानाः सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ९।
**च. सुकार दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६४१०७७७(२०५७/०३/१४/सर्लाही), बाजेको नामः राम वृक्ष दास, बाबुको नामः रामसेवक दास कठवनिया, ठेगानाः सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ७।
**छ. सुमित्रा देवी दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): १९/२०८९/४८७(२०६७/०६/०४/सर्लाही), ससुराको नामः राम वृक्ष दास, पतिको नामः रामसेवक दास कठवनिया, ठेगानाः सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ७।

**माथि उल्लेखित ऋणीहरु मध्ये शिवगुरु खाध्यान्न उद्योग र जय हनुमान राईस मीलको लिलाम हुने धितोको विवरण:**
**अ.** कोदै दासको नाति, राम वृक्ष दासको छोरा, सर्लाही जिल्ला, गोडैता गा.वि.स. वडा नं. ३ बस्ने **रामसेवक दास कठवनिया**को नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरुः
**क.** सर्लाही जिल्ला, हरिवन गा.वि.स./न.पा. वडा नं. ६/क स्थित कि.न. ६५७ र ८१० को क्षेत्रफल क्रमशः ०-०-१५ र ०-१-७ विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
**ख.** सर्लाही जिल्ला, हरिवन गा.वि.स./न.पा. वडा नं. ६/ख स्थित कि.न. १४९९ को क्षेत्रफल ०-०-५ विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
**आ.** कोदै दासको नाति, राम वृक्ष दासको छोरा, सर्लाही जिल्ला, गोडैता गा.वि.स. वडा नं. ३ बस्ने **रामसेवक दास कठवनिया**को नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, कविलासी गा.वि.स./न.पा. वडा नं. ८/ख स्थित कि.न. ५०७ र ४१९ को क्षेत्रफल क्रमशः ०-६-०-० र ०-६-१३-० विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**माथि उल्लेखित ऋणीहरु मध्ये शिवगुरु खाध्यान्न उद्योग र पुकार दास तथा विक्रम दासको लिलाम हुने धितोको विवरण:**
राम वृक्ष दासको नाति, रामसेवक दास कठवनियाको छोरा, सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ७ बस्ने **पुकार दास**को नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हरिपुर गा.वि.स./न.पा. वडा नं. ९/छ स्थित कि.न. ४९४ को क्षेत्रफल ०-०-११¼-० विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**४. ऋणीको नामः अन्सु हस्तकला केन्द्र** — **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा
(प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय बागमती प्रदेश, भरतपुर, चितवनमा दर्ता रहेको), दर्ता नं.:३०७/०७८/०७९, दर्ता मितिः २०७८/०४/३२, स्थायी लेखा नं.: ६१६४७३९२४, ठेगानाः चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. १६।

**प्रोप्राईटरः**
**राज कुमार तमाङः** ना.प्र.प.नं (जारी मिति/स्थान): ७६६१/०५६(२०५६/०७/१८/चितवन), बाजेको नामः चतुर सिं तमाङ, बाबुको नामः मदन सिं तमाङ, ठेगानाः चितवन जिल्ला, पिठुवा गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. १६।

**व्यक्तिगत जमानतकर्ताः**
**अमृता लामाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४५१५२(२०६५/१२/०६/चितवन), बाबुको नामः हर्क बहादुर लामा, ससुराको नामः मदन सिं तमाङ, पतिको नामः राज कुमार तमाङ, ठेगानाः चितवन जिल्ला, भरतपुर न.पा., वडा नं. ४ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. १६।

**लिलाम हुने धितोको विवरणः**
चतुर सिं तमाङको नाति, मदन सिं तमाङको छोरा, चितवन जिल्ला, पिठुवा गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. १६ बस्ने **राज कुमार तमाङ**को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, जुटपानी गा.वि.स./न.पा., वडा नं. ३/ख स्थित कि.न. ८३४ को क्षेत्रफल ६०९.४८ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**५. ऋणीको नामः सुनिता किराना एण्ड कोल्ड स्टोर** — **कर्जा शिर्षकः** आवधिक कर्जा
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर, हेटौडामा दर्ता रहेको), दर्ता नं.: ४९८८/२४२/२०७१/२०७२, दर्ता मितिः २०७१/०८/१५, स्थायी लेखा नं.: ६०२७७२७६१, ठेगानाः मकवानपुर जिल्ला, वसामाडी गा.वि.स., वडा नं. ३।

**प्रोप्राईटरः**
**सुनिता खातीः** ना.प्र.प.नं (जारी मिति/स्थान) : ४३/२८६८६(२०६२/०८/०७/मकवानपुर), बाबुको नामः टेक बहादुर सुनार, ससुराको नामः जसराम खाती, पतिको नामः सिताराम खाती, ठेगानाः मकवानपुर जिल्ला, वसामाडी गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ३।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. सिताराम खातीः** ना.प्र.प.नं (जारी मिति/स्थान): २६८६८(२०५०/०९/१२/ मकवानपुर), बाजेको नामः गोपीलाल खाती, बाबुको नामः जसराम खाती, ठेगानाः मकवानपुर जिल्ला, वसामाडी गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ३।
**ख. दिपक शिवाकोटीः** ना.प्र.प.नं (जारी मिति/स्थान): १७१०३(२०४७/०४/३१/मकवानपुर), बाजेको नामः लोकनाथ शिवाकोटी, बाबुको नामः कृष्ण देव शिवाकोटी, ठेगानाः मकवानपुर जिल्ला, वसामाडी गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ३।

**लिलाम हुने धितोको विवरणः**
टेक बहादुर सुनारको छोरी, जसराम खातीको बुहारी, सिताराम खातीको पत्नी, मकवानपुर जिल्ला, वसामाडी गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ३ बस्ने **सुनिता खाती**को नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, ज्यामिरे गा.वि.स./न.पा., वडा नं. ६ स्थित कि.न ४५७ को क्षेत्रफल ०-२-०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९


**साउदीमा रोजगार** — कम्पनी : ABDUL AZIZ SULAIMAN AL AFALIQ FARM

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१० | LT. No. 330245 | चलानी नं.६०२४४००४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ३७,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर १८ गते (4th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Career International Services [P.] Ltd.**
License No.: 646/063/064
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com



**साउदीमा रोजगार** — कम्पनी : ABDUL AZIZ A.ABU BUSHAIT & PARTNERS COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/०१ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०८/१० | LT. No. 299996 | चलानी नं. ६०२१४९१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Erector | 1 | 0 | 1200 | ४५,४४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर १८ गते (4th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com



**कतारमा रोजगार** — कम्पनी : AL ARBIYA TRADING

पूर्व स्वीकृति मिति : २०८२/०२/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१० | LT. No. 325071 | चलानी नं. ६०२३९०५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 12 | 1400 | ५४,००५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 9 | 0 | 1500 | ५७,८६५ | | | | | | | |
| 3 | Salesman | 0 | 4 | 1400 | ५४,००५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर १८ गते (4th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET **Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७



**कुवेतमा रोजगार**

कम्पनी : CROKAN WHOLESALE AND RETAIL TRADING COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०८/१० | चलानी नं.: ६०२४७७९० | LT.No.: 334110

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BAKERY HELPER | 18 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५५,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 7 | 0 | | 140 | ६४,९२३ | | | | | | | |

कम्पनी : ELITE HOUSE WHOLESALE AND RETAIL TRADING COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०८/०३ | चलानी नं.: ६०२४७७९१ | LT. No.: 333944

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FEMALE CLERK | 0 | 2 | सम्बन्धित काममा दक्ष | 150 | ६९,५६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | LIGHT DRIVER/DRIVER | 1 | 0 | | 160 | ७४,१९८ | | | | | | | |
| 3. | SALES GIRLS/CASHIER | 0 | 2 | | 150 | ६९,५६१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १८ गते (4 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



**साउदीमा रोजगार**

कम्पनी : NOUF MURARAK AL SHAMMARI BEVERAGE SERVING — शेवा शुल्कः नि:शुल्क
पूर्व स्वीकृति मिति : २०८२/०८/०७ | LT. No. 333978 | चलानी नं.६०२४७७७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1000 | ३७,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FORT AL RAWASI OPERATION AND MAINTENANCE COMPANY — शेवा शुल्कः नि:शुल्क
पूर्व स्वीकृति मिति : २०८२/०८/०७ | LT. No. 333979 | चलानी नं.६०२४७७७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 15 | 0 | 1000 | ३७,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AFAQ SAHARI COMMERCIAL ESTABLISHMENT — शेवा शुल्कः १०,०००
पूर्व स्वीकृति मिति : २०८२/०८/१० | LT. No. 334051 | चलानी नं.६०२४७७८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker Loading And Unloading | 9 | 0 | 1000 | ३७,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ZAINAB ABDULLAH MOHAMMED HAZZAZI GENERAL CONTRACTING ESTABLISHMENT — शेवा शुल्कः १०,०००
पूर्व स्वीकृति मिति : २०८२/०७/२८ | LT. No. 333709 | चलानी नं.६०२४७७७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Loader | 4 | 0 | 1000 | ३७,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर १८ गते (4th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80


## टेम्पल बचत तथा ऋण सहकारी संस्था लि. को

### तपसिलमा उल्लेखित सदस्यहरू ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना

**प्रकाशित मितिः २०८२/०८/११**

यस सहकारी संस्थाबाट व्यक्तिगत, व्यापारिक, हायर पर्चेज कर्जा लिनु भएका तपसिल बमोजिमका सदस्य ऋणीहरूले यस संस्थासंग गरेका सम्झौता अनुसार कर्जा भुक्तानी तालिका अनुसार कर्जाको साँवा, व्याज नतिरी नबुझाई बाँकि राख्नु भएका र निजहरूलाई संस्थाको तर्फबाट पटक पटक लिखित तथा मौखिक रूपमा तर ताकेता गर्दा समेत निजहरूले कर्जा भुक्तानी गर्ने तर्फ कुनै पहल नगरेकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित गरिएको मितिबाट ३५ दिन भित्र कर्जाको साँवा, व्याज, संस्थाबाट लिने अन्य दै दस्तुर र हर्जाना सबै चुक्ता भुक्तानी गर्न हुन सुचित गरिन्छ । अन्यथा सहकारी ऐन तथा नियमावली र नेपाल सरकारको कानुन बमोजिम संस्थाले आफ्नो उठाउनु पर्ने सम्पूर्ण रकम असुल उपर गरि लिने व्यहोरा ऋणीहरु र जमानीकर्ताहरु सबैका लागि यो सूचना प्रकाशित गरिएको जानकारी गर्दछौं ।

**तपसिल**

| क्र.सं. | नाम | ना.प्र.नं | जारी मिति | जारी जिल्ला |
|---|---|---|---|---|
| १ | मान बहादुर कार्की | ७३३९० | २०६२-०६-०६ | रामेछाप |
| २ | थर्क बहादुर तामाङ | २११००६/३२७९७ | २०६९-०५-२५ | रामेछाप |
| ३ | केशब शाक्य | ५९८० | २०५८-०७-०३ | ललितपुर |
| ४ | श्री शंकर श्रेष्ठ | ७१६२८ | २०५१-१२-१७ | ललितपुर |
| ५ | सुजाता राई | ३०१३/२१५४/८६७ | २०५४-०५-०३ | धनकुटा |
| ६ | पार्वत कार्की | २२-०१-७०-०२४७८ | २०७०-०७-०३ | दोलखा |
| ७ | रविन्द्र नकर्मी | ५७२६४ | २०४९-०४-२२ | ललितपुर |
| ८ | सुमित्रा नकर्मी | ४८१६ | २०५८-०४-३२ | ललितपुर |
| ९ | सुदिक्क्षा नकर्मी | २८-०१-०७०-०१६०२ | २०७०-०३-१७ | ललितपुर |
| १० | मञ्जु स्वाँर | १७९७६ | २०६२-०२-१२ | कैलाली |

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# सुरक्षाकर्मीको आत्मबल बढाउ

पछिल्लो दिनमा नेपाल प्रहरीको आत्मबल गिर्दो छ । दिनहुँका आन्दोलन र प्रदर्शनमा बर्दीमा खटिएका प्रहरीमाथि प्रदर्शनकारीले गर्ने निरन्तर दुर्व्यहारका कारण प्रहरीको मनोबल खस्किएको देखिन्छ । प्रदर्शन र आन्दोलनहरूमा ढुंगामुढा हुने, प्रदर्शनकारीबाट दुर्व्यवहार हुने, नेतृत्वकर्ताले कुटपिट गर्नुका साथै धम्क्याउने काम निरन्तर गरिरहेको पाइन्छ ।

डिजिटल प्रविधिको प्रवेशसँगै अहिले हरेकसँग मोबाइल क्यामराको पहुँच छ । प्रदर्शनकारीबाट हुने गरेका दुर्व्यहार सामाजिक सञ्जालमा पनि सार्वजनिक हुँदा प्रहरीको मनोबल झनै कमजोर हुने गरेको देखिन्छ । प्रहरीलाई कुनै अधिकार नदिने तर प्रदर्शनकारीले भने हप्कीदप्की गर्ने किसिमको कार्य बढ्दो छ । जेन–जी विद्रोहपछि विभिन्न स्वार्थ समूहले प्रहरीमाथि निशाना नै बनाउन थालेको देखिन्छ । उक्त विद्रोहको क्रममा पनि प्रहरीलाई कुटपिट गर्ने, उनीहरूको बर्दी लगाएर प्रहसन गर्ने, हतियार लुट्नेजस्ता कार्य प्रदर्शनकारीले गरेका थिए ।

राज्यको सुरक्षा संयन्त्रमा रहेर काम गर्दा सबैभन्दा ठुलो प्रश्न प्रहरीमाथि उठ्छ नै । सुरक्षा नहुँदा पनि प्रहरीमाथि प्रश्न उठ्न, प्रदर्शनकारीमाथि दमन हुँदा पनि प्रश्न उठ्छ । यो प्रहरीको दायित्व हो । खासमा प्रहरीलाई उक्त समय कर्तव्य पालना गराउने नेतृत्वलाई अनुसन्धानको दायरामा ल्याउनुपर्नेमा हामीकहाँ जिउज्यानको माया मारेर दंगमा उत्रेका जवानहरूलाई नै कारबाहीमा तानिन्छ ।

अन्तरिम सरकारको मुख्य जिम्मेवारी फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन गराउनु हो । यसका लागि देशभर प्रहरी तम्तयार अवस्थामा राख्नुपर्छ । हुन त सरकारले निर्वाचन प्रयोजनका लागि सेना परिचालन गर्ने तयारी गरेको छ । यद्यपि मतदानस्थल र मतपेटिका सुरक्षामा प्रहरी नै खटिनुपर्ने हुन्छ । सेनाले बाहिरी क्षेत्र कभर गर्ने गरी सुरक्षा दिँदा मतदानस्थल, मतपेटिका सुरक्षादेखि मतगणनाको लामो प्रक्रियामा प्रहरी संलग्न हुनुपर्छ ।

यस्तो अवस्थामा राजनीतिक दलका प्रतिनिधिबाट प्रहरीमाथि दुर्व्यवहार हुन सक्ने सम्भावनाहरू उत्तिकै रहन्छ । कुनै बुथमा अप्रिय घटना हुँदा निर्वाचन नै बिथोल्ने सम्भावना हुन्छ । त्यसैले पनि यस्तो विषयमा सरकार गम्भीर हुनुपर्छ । सरकारमा रहेका मन्त्रीदेखि नेताहरूको दुर्व्यहार सहेर प्रहरीले काम गर्न सक्दैन । प्रहरीमा दिनानुदिन आकर्षण पनि घट्दो छ । यसको मुख्य कारण सुविधाहरूको अपग्रेड नहुनु पनि हो । यस्तो अवस्थामा अबका दिनमा सरकारले र प्रहरी मुख्यालयले प्रहरीको मनोबल बढाउने गरी प्याकेज ल्याउनुपर्ने आवश्यक छ ।

श्रम सरोकार

## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरुः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।

व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।

- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# कूटनीति र पर्यटनको अन्तरसम्बन्ध



हरि घरेल

आज विश्वका अधिकांश देशहरूले पर्यटनलाई समृद्धिको मुख्य आधार बनाएका छन् । दक्षिण एसियाकै खासगरी भारत, श्रीलंका, माल्दिभ्सलगायतका देशहरूले पर्यटन व्यवसायबाट राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाएका छन् । पर्यटन उद्योगमा प्रत्यक्ष वैदेशिक लगानीको धेरै विकास गर्न सकिने उदाहरण मलेसिया र सिंगापुरबाट सिक्न सकिन्छ । नेपालले पनि अबको बाटो आर्थिक समृद्धि भएकाले पर्यटन विकासको सम्भावनाका विविध आयामहरूलाई एकीकृत गरी त्यसै अनुसार नीति निर्माण, योजना तथा कार्यक्रम तर्जुमा र बजेटको व्यवस्था गर्नुपर्छ ।

कुनै पनि देशले आफ्नो विकास गर्दा त्यसको भौगोलिक विशिष्टताका आधारमा गर्नुपर्छ । नेपालको भौगोलिक विशिष्टता भनेको प्रकृति र संस्कृति नै हो । प्रकृति र संस्कृतिको जगेर्ना गर्दै पर्यटक भित्र्याउन सके आर्थिक विकास सम्भव छ । यसैले मुलुकको दिगो विकास हासिल गर्ने मुख्य क्षेत्र भनेकै पर्यटन हो । पर्यटन क्षेत्रको प्रवर्द्धनबाट फराकिलो आर्थिक वृद्धि, समावेशी विकास तथा वातावरणमा दिगोपना ल्याई जलवायु परिवर्तनबाट हुने जोखिम न्यूनीकरण गर्न सकिन्छ भन्ने तथ्य स्थापित भएको छ । प्राकृतिक, सांस्कृतिक, धार्मिक एवं सामाजिक विविधताले भरिएको हुँदा नेपाल विश्वको एक महत्वपूर्ण पर्यटकीय गन्तव्य बन्न सक्छ ।

नेपालमा बढीभन्दा बढी विदेशी पर्यटक र लगानी भित्र्याउने प्रभावकारी माध्यम भनेको पर्यटन क्षेत्र नै हो । छिमेकीलगायत अन्य मित्रराष्ट्रहरूसँगको असल सम्बन्धबाट नै ती देशका नागरिकलाई आकर्षित गर्न सकिन्छ र त्यहाँका लगानीकर्ताहरूलाई नेपालको पर्यटन क्षेत्रमा लगानी गर्ने वातावरण बन्नसक्छ । आजको अन्तरराष्ट्रिय सम्बन्ध वैदेशिक व्यापार, वैदेशिक सहायता, वैदेशिक लगानी, पर्यटन, वैदेशिक रोजगारी, सांस्कृतिक सम्बन्ध, भूराजनीतिक सन्तुलनलगायतका विषयहरूका आधारमा निर्धारण



गरिने अवस्था सिर्जना भएको छ । वर्तमान अन्तरराष्ट्रिय सम्बन्ध आर्थिक सवालहरूको वरिपरि केन्द्रित रहनेगरी परम्परागत कूटनीतिको स्थान आर्थिक कूटनीतिले प्रतिस्थापन गरेको छ ।

कूटनीति र पर्यटन आपसमा गहिरो सम्बन्ध राख्ने दुई महत्वपूर्ण क्षेत्रहरू हुन् । कूटनीतिले अन्तरराष्ट्रिय सम्बन्ध सुधार्न, सांस्कृतिक आदान-प्रदान बढाउन र देशको सकारात्मक छवि निर्माण गर्न मद्दत गर्छ, जसले पर्यटन प्रवर्द्धनमा ठूलो भूमिका खेल्छ । देशको कूटनीति प्रभावकारी भएमा त्यसले पर्यटन उद्योगलाई प्रत्यक्ष रूपमा फाइदा पुऱ्याउन सक्छ । कूटनीति र पर्यटनबीचको सहकार्यले आर्थिक उन्नति, सांस्कृतिक आदान-प्रदान र अन्तर्राष्ट्रिय सम्बन्ध सुधार्न ठूलो भूमिका खेल्छ । पर्यटनबाट आएको राजस्वले देशको आर्थिक वृद्धिमा योगदान पुऱ्याउँछ, जसका लागि स्थिर अन्तर्राष्ट्रिय सम्बन्ध आवश्यक हुन्छ । कूटनीतिक माध्यमबाट पर्यटन विकासमा जोड्न सकिने मुख्य क्षेत्रहरूमा सांस्कृतिक कूटनीति, भिसा नीतिहरू, कुटनीतक नियोगहरूमार्फत प्रचारप्रसार तथा सुरक्षा र स्थिरताको सन्देश प्रवाहलाई लिन सकिन्छ ।

नेपालमा रहेका विदेशी र विदेशमा रहेका नेपाली कन्सुलर मिसनहरूले आगामी दिनमा पनि पर्यटन क्षेत्रहरूलाई विशेष रूपमा प्रवर्द्धन गर्न सक्छन् । साहसिक पर्यटन जस्तै हिमाल आरोहण, पदयात्रा, पर्वतारोहणको सम्भावनाको बारेमा जानकारी गराउन सकिन्छ । पशुपतिनाथ, लुम्बिनी, मुक्तिनाथजस्ता धार्मिक क्षेत्रहरूको महत्वका बारेमा प्रचारप्रसार गरी हिन्दू तथा बौद्ध पर्यटकहरूलाई आकर्षण गर्न सकिने प्रशस्त सम्भावना छ । नेपालमा रहका झन्डै डेढ सय जातजाति र तिनका सांस्कृतिक पक्षहरूलाई उजागर गर्न सकिए सांस्कृतिक पर्यटनको माध्यमबाट लाखौं पर्यटकलाई आकर्षित गर्न र बसाइ अवधिलाई लम्ब्याउन सकिन्छ । यी विभिन्न सम्भावनाहरूलाई उपयोग गर्नका लागि भिसा तथा अध्यागमन प्रक्रियामा अझ सहजता ल्याउनुपर्ने हुन्छ ।

त्यस्तै पूर्वाधार तथा सेवाको स्तर सुधार गर्नुपर्ने र सुरक्षा तथा स्वास्थ्य सेवाहरूलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ । साथै, आजको प्रविधिको युगमा अन्तरराष्ट्रियस्तरमा 'डिजिटल मार्केटिङ' प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने हुन्छ । डिजिटल मार्केटिङ अभियानहरू अन्तर ाष्ट्रिय मिडिया, सामाजिक सञ्जालहरूमार्फत सञ्चालन गर्न सकिन्छ । भिसा प्रणाली सुधार गरी ई-भिसा, अन-एराइभल भिसा अझ सहज बनाउने, सांस्कृतिक तथा खेलकुद पर्यटन प्रवर्द्धन गर्दै नेपाललाई बहुपक्षीय पर्यटन हब बनाउनेतर्फ ध्यान दिन जरुरी छ । पर्यटन पूर्वाधार विकास गर्न लगानी भित्र्याउन सरकारी-निजी साझेदारीलाई प्रोत्साहित गर्नुपर्ने हुन्छ ।

नेपाल अर्को वर्ष सन् २०२६ मा अल्पविकसित मुलुकको स्तरबाट विकासशील हुँदै सन् २०३० सम्म उच्च मध्यम आय भएको तथा सन् २०४२ अर्थात् २०९९ सालसम्ममा विकसित मुलुकको हैसियत हासिल गर्ने लक्ष्यमा पुग्ने सम्भाव्य उपायहरूमध्ये पर्यटन नै दिगो, भरपर्दो र रोजगारप्रधान क्षेत्र हो । बढ्दो यातायात, सञ्चार, सूचना प्रविधि, पूर्वाधार तथा विश्वको बढ्दो आबद्धता र उदीयमान मुलुकहरूको तीव्र आयवृद्धिले गर्दा पर्यटनको विस्तार हुँदै जाने कुरामा शंका छैन । छिमेकी मुलुकहरूको द्रुत विकास र बढ्दो समृद्धिको लाभ दिले अत्यन्त भरपर्दो र सम्भावनायुक्त क्षेत्र पर्यटन नै हो भन्ने तथ्य हामीले बिर्सन हुँदैन ।

नेपालको संविधान २०७२ ले पनि पर्यटनलाई आर्थिक विकासको आधारको रूपमा स्वीकार गरेको छ । नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचारप्रसारमार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आारका रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवशयक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने भन्ने नीतिमा उल्लेख छ । भौगोलिक रूपमा ठूलो वा सानो भए पनि एक सार्वभौम मुलुकले शान्तिपूर्ण रूपमा आफ्ना सम्बन्ध विस्तार गर्न पर्यटन कूटनीतिलाई अन्तरराष्ट्रिय सम्बन्धको महत्वपूर्ण आयाम बनाउनुपर्छ । नेपालको विशिष्ट प्रकृतिको भूराजनीतिक अवस्थितिका कारण खासगरी दुई छिमेक मुलुक भारत र चीनसँगको सम्बन्धलाई कसिलो बनाइराख्नु पर्दछ ।

सरकारले पहिलोपटक आर्थिक कुटनीतिलाई विशेष प्राथमिकता दिँदै २०७७ सालमा एकीकृत परराष्ट्र नीति जारी गरेको थियो । 'छिमेकी मित्रराष्ट्रहरूको आर्थिक विकास तथा समृद्धिबाट लाभ लिनेगरी सहयोगका नयाँ क्षेत्रको पहिचान एवं साझा हितका विषयमा द्विपक्षीय, त्रिपक्षीय एवं बहुपक्षीय साझेदारी प्रवर्द्धन गर्ने,' परराष्ट्र नीतिमा भनिएको छ । आर्थिक कूटनीतिको सञ्चालनद्वारा राष्ट्रको आर्थिक विकास र समृद्धिमा योगदान पुऱ्याउने, लगानी र पर्यटन प्रवर्द्धन, निर्यात विस्तार र आयात व्यवस्थापन गर्दै राष्ट्रिय अर्थतन्त्रको विकासमा सघाउने, वैदेशिक रोजगारीलाई व्यवस्थित एवं मर्यादित तुल्याउने, आप्रवासी नेपालीको ज्ञान, सीप, पुँजी, प्रविधि, सञ्जाल र पहुँचलाई नेपालको आर्थिक विकासमा परिचालनलाई नीतिमा प्राथमिकता दिइएको छ ।

भारत र चीनले नेपाली पर्यटन क्षेत्रलाई उच्च महत्व दिएका छन् । उनीहरूको दृष्टिकोण फरक हुन सक्लान् तर उनीहरूको लगावलाई हामीले कसरी उपयोग गर्ने विषय महत्वपूर्ण छ । भारत र चीन पर्यटकीय योगदानमा पहिलो र दोस्रो नम्बरमा रहेका देश रहेको तथ्य मनन गर्दै यसलाई व्यवस्थित रूपमा अघि बढाउने हो भने नेपालले तुलनात्मक लाभ लिन सक्ने क्षेत्र पर्यटन नै हो । तीव्र आर्थिक विकासको प्रतिस्पर्धामा रहेका दुई छिमेकी मुलुकहरूसँगको असल कूटनीतिक सम्बन्धबाट पर्यटन क्षेत्रमा नेपालले थप प्रगति र नवीनता ल्याउन सक्दछ । मित्रराष्ट्र चीन र भारत संसारकै आर्थिक शक्तिका रूपमा रूपान्तरित भइरहेका छन् । चीन र भारतको जनसंख्या सारा संसारको जनसंख्याको एक तिहाइभन्दा बढी छ र त्यसमा बङ्गलादेश र पाकिस्तानको समेत मिसाएर हेर्दा त्यो पूरा विश्वको जनसफ्याको आधाआधी हुन जान्छ । दुवै देशका लागि नेपाल धार्मिक तथा पर्यापर्यटनको मुख्य गन्तव्य बन्नसक्छ ।

नेपाल र भारतमा हिन्दू र बौद्ध धर्मावलम्बीप्रतिको समान दृष्टिकोणका कारण सांस्कृतिक समानतालाई बल मिलेको छ । बुद्धको जन्मस्थान नेपालको लुम्बिनी र ज्ञान प्राप्त गरेको भारतको बोधगया एवं सारनाथलाई पर्यटकीय गन्तव्यका रूपमा एकाकार गर्ने प्रस्ताव भारतले धेरै पटक गरिसकेको छ । चीन बौद्ध धर्मावलम्बीको बाहुल्य भएको राष्ट्र हो । नेपाल शाक्यमुनि गौतम बुद्धको जन्मस्थल भएकाले पनि धार्मिक रूपमा ठूलो संख्यामा चिनियाँ पर्यटक आकर्षित गर्न सकिने सम्भावना छ । चीन संसारमा पर्यटक निर्यात गर्ने नम्बर एक देश हो । चीनले 'विदेशमा रहेका सबै नागरिक देशका राजदूत हुन्' भन्ने मान्यतालाई आत्मसात् गरेको शोधकर्ताको निष्कर्ष छ । चीनले नेपाललाई औपचारिक रूपमा सन् २००२ मा मात्र पर्यटन गन्तव्य सूचीमा समावेश गरेको हो । चीन सरकारले गन्तव्य सूचीमा राखेपछि हरेक वर्ष नेपाल भ्रमण गर्ने चिनियाँ पर्यटकको सफ्या उल्लेख्य वृद्धि हुँदै आएको छ ।

कूटनीतिक नियोग (दूतावास, कन्सुलेट, स्थायी प्रतिनिधि कार्यालय) ले नेपालका पर्यटन स्थलहरूको अन्तरराष्ट्रियस्तरमा प्रचार-प्रसार गर्ने महत्वपूर्ण भूमिका खेल्न सक्छन् । यी नियोगहरूले सरकार, निजी क्षेत्र र प्रवासी नेपाली समुदायसँग सहकार्य गरी नेपाललाई आकर्षक पर्यटन गन्तव्यका रूपमा उभ्याउन मद्दत गर्छन् । यी नियोगहरूले सांस्कृतिक कूटनीतिमार्फत प्रवर्द्धनात्मक कार्यहरू गर्न सक्छन् । ती देशहरूमा नेपाली कला, संस्कृति, परम्परा र पर्वहरूको अन्तरराष्ट्रिय प्रदर्शन, सांस्कृतिक आदान-प्रदान कार्यक्रमहरू (जस्तै, नेपाली खाना महोत्सव, फिल्म फेस्टिवल, फोटो प्रदर्शनी), प्रवासी नेपाली समुदायसँग सहकार्य गरी नेपालको पर्यटन प्रवर्द्धन गर्न सकिन्छ ।

यसैगरी विदेशी पर्यटकलाई सहज बनाउने उद्देश्यले भिसा प्रक्रियालाई सरल बनाउने, अन-एराइभल भिसा, ई-भिसा, र लामो अवधि पर्यटक भिसाका सम्भावनाहरू खोज्ने, पर्यटन क्षेत्रलाई प्राथमिकता दिँदै व्यावसायिक, धार्मिक र साहसिक भिसाका प्रविधिहरू सुधार गरी भिसा र अध्यागमन नीतिलाई व्यावहारिक बनाउन सकिन्छ । नेपालका प्रमुख नियोगहरूबाट नेपाल पर्यटन बोर्डमार्फत अन्तरराष्ट्रिय प्रवर्द्धन तथा प्रचार अभियानहरू सञ्चालन, परराष्ट्र मन्त्रालयसँगको सहकार्य र समन्वयमा पर्यटन कूटनीति तथा द्विपक्षीय सम्झौता प्रवर्द्धन तथा विदेशस्थित नेपाली दूतावास तथा कन्सुलेटहरू-नेपाली पर्यटन स्थलहरूको प्रचार, सांस्कृतिक कार्यक्रम आयोजना र भिसा सेवाहरू सुधारका कमहरू भइरहेका छन् । आगामी दिनमा यसलाई अझ प्रभावकारी बनाउँदै लैजानुपर्ने देखिन्छ ।

आज विश्वका अधिकांश देशहरूले पर्यटनलाई समृद्धिको मुख्य आधार बनाएका छन् । दक्षिण एसियाकै खासगरी भारत, श्रीलंका, माल्दिभ्सलगायतका देशहरूले पर्यटन व्यवसायबाट राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाएका छन् । पर्यटन उद्योगमा प्रत्यक्ष वैदेशिक लगानीको धेरै विकास गर्न सकिने उदाहरण मलेसिया र सिंगापुरबाट सिक्न सकिन्छ । नेपालले पनि अबको बाटो आर्थिक समृद्धि भएकाले पर्यटन विकासको सम्भावनाका विविध आयामहरूलाई एकीकृत गरी त्यसै अनुसार नीति निर्माण, योजना तथा कार्यक्रम तर्जुमा र बजेटको व्यवस्था गर्नुपर्छ । पर्यटकको न्यून बसाइ, हरित पर्यटनको न्यून विस्तार, गुणात्मकभन्दा संख्यात्मक पर्यटकको बढी प्रभाव, पर्याप्त पूवाधारको अभाव, पर्यटक सेवास्तर न्यूनजस्ता यस क्षेत्रका समस्या एवं चुनौतीहरू हुन् । यी चुनौतीहरूलाई समाधान गर्न राष्ट्रिय स्तरमा नीतिगत व्यवस्था, सरकार-निजी क्षेत्र साझेदारी, पूर्वाधार विकासमा जोड दिनु आवश्यक छ भने विदेशमा कूटनीतिक सम्बन्ध विस्तार, पर्यटकीय सम्पदाहरूको प्रचारप्रसार, सकारात्मक सन्देश प्रवाह, कुटनीतिक नियोगहरूको भूमिकालाई सशक्त तुल्याउनुपर्ने हुन्छ ।

परराष्ट्र मन्त्रालयबाट विदेशस्थित नियोगहरूमार्फत कार्यान्वयन गर्ने गरी निर्यात प्रवर्द्धन, लगानी सम्मेलन आयोजना, धार्मिक र सांस्कृतिक, पर्यटन प्रवर्द्धन, रोजगारीका नयाँ सम्भावनाहरूको पहिचान, पर्यटन प्रवर्द्धनसम्बन्धी कार्यक्रम र नेपाली डायस्फोराको परिचालन गर्ने कार्यक्रमहरू आयोजना गर्न सकिन्छ । कूटनीति र अर्थतन्त्र दुवै नबुझेका व्यक्ति नेपालको आर्थिक कूटनीति सम्हाल्न जाँदा त्यसले उचित परिणाम ल्याएको देखिन्न । कुन देशका पर्यटकहरू बढी संख्यामा नेपाल आउँछन्, कुन देशका पर्यटकलाई ल्याउनु बढी फाइदाजनक छ त्यसलाई पनि मध्यनजर गरी बजारीकरणको अनुसन्धानको आधारमा व्यवस्थित प्रचार अभियान सञ्चालन गर्नुपर्छ । विदेशस्थित नेपाली दूतावास र कन्सुलेट कार्यालयहरूबाट नेपालको प्रचारप्रसार प्रभावकारी हुनसक्ने भएकाले ती कार्यलयमा कार्यरत राजदूत, वाणिजयदूत वा अन्य कर्मचारीलाई पर्यटनको भूमिकाका कारेमा प्रशिक्षित गराउनुपर्छ । गैरआवासीय नेपाल संघ(एनआरएनए)ले आआफ्ना देशमा रहँदा मातृभूमिका लागि औपचारिक दूतको रूपमा सांस्कृतिक र प्रवर्द्धनात्मक कार्यक्रमहरू आयोजना गर्ने, अन्तर्राष्ट्रिय पर्यटन मेलाहरूमा भाग लिने र पर्यटकहरूलाई नेपाल भ्रमणमा जान प्रेरित गर्न सक्छन् । एनआरएनएको संलग्नताले नेपालको प्राकृतिक सौन्दर्य र समृद्ध सांस्कृतिक सम्पदाको अन्वेषण गर्न थप लगानी आकर्षित गर्न तथा अन्तराष्ट्रिय स्तरमा नेपालको सकारात्मक छवि प्रक्षेपण गर्न मद्दत पुग्दछ ।

*-धरेल नेपालका लागि डेनमार्कका वाणिज्यदूत तथा पर्यटन व्यवसायी हुन् ।*

# बाघ गणना आगामी पुस १ गतेदेखि

**चितवन-** आगामी पुस १ गतेदेखि बाघ गणना थालिने भएको छ । पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाघ गणना गर्न लागिएको हो ।

तीन महिना लगाएर बाघ गणना गर्न लागिएको हो । हरेक चार-चार वर्षमा बाघ गणना गरिँदै आएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यका अनुसार पुस, माघ र फागुन गरी तीन महिना लगाएर बाघ गणना गर्न लागिएको हो । आचार्यका अनुसार सुरुमा चितवन र पर्सालाई एउटा कम्प्लेक्स बनाएर यहाँबाट गणना थालिने छ । यो कम्प्लेक्समा तीन वटा ब्लक रहने छन् ।

ती ब्लकभित्र दुई वर्गकिलोमिटर क्षेत्रमा एक जोडी क्यामेरा जडान गरीने छ । यसलाई ग्रीड भनिन्छ । यसमा क्यामेरा १५ रात राखेपछि अर्को ग्रीडमा सारिने छ । दोस्रो कम्प्लेक्स बाँके र बर्दीया राष्ट्रिय निकुञ्जलाई बनाईएको छ । त्यहाँ भित्र पनि तीन वटा ब्लक हुने छन् । तेस्रो कम्प्लेक्स शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र लालझण्डी हुनेछ । यो एउटै ब्लक बनाइने उनले जानकारी दिए ।

निकुञ्ज विभागले सरकारी निकाय र दातृ निकायहरूसँग भएका एक हजार १०० क्यामेरा गणनामा प्रयोग गर्न लागेको आचार्यले जानकारी दिए । क्यामेरा पुरानै प्रयोग गरिने भएकाले गणनामा रु दुई करोड ५० लाख हाराहारी खर्च हुने अनुमान छ । सरकारी र दातृ निकायहरूको सहयोगमा गणना गर्न लागिएको हो ।

यसअघि, सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३३५ वटा वयस्क बाघ रहेको तथ्याङ्क सार्वजनिक भएको थियो । सो गणनामा चितवनमा १२८, बर्दिया निकुञ्जमा १२५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ भेटिएको थियो । चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा गणेश पन्तका अनुसार बाघ गणना गर्दा बाघ बढी ओहोरदोहोर गर्ने स्थानमा स्वचालित क्यामेराहरू राखिने छ । ती क्यामेराले बाघको फोटो खिच्ने गर्दछ । बाघहरूको फोटो हेरेर तिनीहरूको शरीरमा भएका पाटाका आधारमा सङ्ख्या छुटचाइने उहाँले जानकारी दिनुभयो । हरेक बाघको पाटा फरक-फरक हुने गर्दछन् ।

बाघ गणना सम्पन्न भए पछि गैंडा गणना गर्ने तयारी छ । गत वर्ष गैंडा गणना गर्ने कार्यक्रम बजेट अभावका कारण रोकिएको थियो । हरेक चार/चार वर्षमा गैंडा गणना गरिँदै आएको थियो । गत वर्ष गर्न नसकीएको गैंडा गणना यस वर्ष फरक विधिबाट गर्ने तयारी निकुञ्ज विभागको रहेको छ । *रासस*

# महावाणिज्य दूतावास कोलकताको क्षेत्राधिकार सीमित हुँदा समन्वयमा समस्या

■ हिमाल लम्साल

**कोलकता-** नेपालका आयातकर्ताले भारतको कोलकता र हल्दिया पोर्टबाट स्थलमार्ग हुँदै कन्टेनरमा समान ओसार्दा भारतको झारखण्ड र विहार राज्यमा विभिन्न समस्या झेल्दै आइरहेका छन् ।

तेस्रो मुलुकबाट समुन्द्रीमार्ग हुँदै आयात भएका सामान वीरगञ्जमा रेल्वेऱ्याक वा ट्रक/कन्टेनरमा ढुवानी गरेर ल्याउने गरिन्छ । नेपालका आयातकर्ताले स्थलमार्ग हुँदै ल्याउने सामानमा विशेष गरी झारखण्ड र विहार राज्यका प्रहरीलाई अत्यधिक भारवाहन र कन्टेनरको उचाइ बढी भएपछि जरिवाना तिर्नुपर्नेलगायत समस्या रहेका छन् । वीरगञ्जका उद्योगी/व्यवसायीले पनि स्थलमार्ग हुँदै मालवाहक सवारीसाधन ल्याउँदा विभिन्न ठाउँमा उल्झान बेहोर्नुपरेको गुनासो गर्दै आइरहेका छन् ।

नेपाल कार्गो ह्यान्डिलिङ एजेन्ट एसोसिएसन कोलकाताका सचिव महेन्द्रकुमार दुगडले कोलकता हुँदै वीरगञ्ज भन्सार कार्यालयसँग मालवाहक ट्रक ढुवानी गर्दा विहार र झारखण्ड राज्यमा भारतीय प्रहरीबाट झन्झट बेहोर्नुपरेको गुनासो गरे ।

'स्थलमार्गबाट मालवाहक सामान लैजाँदा भारतको झारखण्ड र विहारमा प्रहरीबाट विभिन्न किसिमका दण्ड जरिवाना लगाउने प्रवृत्तिको अन्त्य हुन जरुरी देखिएको छ', दुगडले भने, 'कहिले मालवाहक ट्रकको तौल बढी भयो, कहिले कन्टेनरको उचाइ बढी भयो भन्दै विभिन्न बाहाना बनाएर कारबाहीमा पर्ने गरेका छन् । त्यस्ता खालका समस्या समाधान हुन जरुरी छ ।'

नेपाली महावाणिज्य दूतावास कोलकताका महावाणिज्यदूत झक्कप्रसाद आचार्यले नेपालका व्यापारी तथा व्यवसायीको ट्रक र कन्टेनरमार्फत मालसमान ढुवानी गर्दा भारतको झारखण्ड र विहार राज्यमा बेलाबखत समस्या भोग्नुपरेको गुनासो आइरहेको बताए ।

'नेपालका व्यापारीले स्थलमार्ग हुँदै समान ढुवानी गर्न झारखण्ड र विहार राज्यमा मालवाहक सवारीसाधनको तौल बढी भएको तथा उचाइ बढी भएका गुनासा आइरहेका छन्', आचार्यले भने, 'महावाणिज्य दूतावासलाई भारतको पश्चिम बङ्गाल राज्यभित्रको मात्रै क्षेत्राधिकार तोकिएकाले पनि फरक राज्यमा समन्वय र सहकार्य गर्न अप्ठेरो भइरहेको छ । यद्यपि हामीले आफ्नोतर्फबाट गर्नुपर्ने समन्वय गरिरहेका छौं ।' नेपालले तेस्रो मुलुकबाट आयात गर्ने सामान समुद्रीमार्ग हुँदै कोलकता र हल्दिया पोर्ट हुँदै स्थलमार्गबाट करिब ८०० किलोमिटरको दूरीमा रहेको छ । त्यस्तै ती दुवै पोर्टबाट रेल्वेऱ्याकबाट पनि मालसामान ढुवानी गर्न सकिन्छ ।

महावाणिज्यदूत आचार्यले नेपालका लागि विश्वभरबाट समुद्रीमार्ग हुँदै आउने आयातित वस्तुहरू सहज रूपमा ढुवानी गर्न महावाणिज्य दूतावासले व्यापारमा सहजीकरण गर्दै आइरहेको बताए । 'तेस्रो मुलुकबाट समुद्रीमार्ग हुँदै आउने तथा कोलकाता र हल्दिया बन्दरगाह हुँदै आउने सामानलाई सहजीकरण मात्रै नभएर आवश्यक समन्वय पनि गर्दै आइरहेका छौँ', उनले भने, 'कोलकतास्थित भारतीय निकायसँग समन्वय र सहकार्य गरेर नेपाली आयातकर्ताको सामान सहज र प्रभावकारी रूपले व्यवस्थापन गर्ने प्रयत्न गर्दै आइरहेका छौँ ।'

कोलकता पोर्ट हुँदै ६० प्रतिशत मालवाहक सामान रेल्वेऱ्याकमार्फत कन्टेनर ल्याइन्छ भने ४० प्रतिशत मालवाहक सामान ट्रकमा ओसार्ने गरिन्छ । महावाणिज्यदूत आचार्यले कोलकता महावाणिज्य दूतावासको क्षेत्राधिकार झारखण्ड, विहार र आन्ध्रा प्रदेशमा अवस्थित विशाखापट्नमसम्म वृद्धि गर्न आवश्यक भएको बताए ।

अहिले विशाखापट्नम बन्दरगाहको व्यापार सहजीकरणको काम भने दिल्लीमा अवस्थित नेपाली राजदूतावासले हेर्दै आइरहेको छ । कोलकताबाट विशाखापट्नम बन्दरगाह एक हजार किलोमिटरको दूरीमा अवस्थित छ भने दिल्लीबाट सो बन्दगाह करिब दुई हजार किमी टाढा पर्दछ । कोलकतास्थित महावाणिज्य दूतावासको एक अध्ययनअनुसार कोलकता पोर्ट हुँदै करिब ८० प्रतिशत मालवाहक सामान वीरगञ्ज नाका भित्रिने गर्छन् । *रासस*

# मधेसमा बेरोजगार युवालाई मासिक दुई हजार भत्ता

**जनकपुरधाम-** मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशमा स्नातक उत्तीर्ण गरेका बेरोजगार युवालाई मासिक बेरोजगार भत्ता दिने निर्णय गरिएको जानकारी दिएका छन् ।

प्रथम मन्त्रिपरिषद् बैठकको निर्णय बुधबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्दै उहाँले प्रदेशमा स्नातक उत्तीर्ण गरेका बेरोजगार युवालाई मासिक दुई हजार रूपैयाँका दरले बेरोजगार भत्ता दिने निर्णय गरिएको बताए । प्रदेश सरकारले १८ वर्षदेखि ३५ वर्ष उमेरसम्मका स्नातक उत्तीर्ण गरी कुनै रोजगारमा नरहेका युवालाई जीवन निर्वाहबापत मासिक दुई हजारका दरले भत्ता उपलब्ध गराउने निर्णय गरेको हो । प्रदेशमा स्नातक उत्तीर्ण गरेका करिब एक लाख ५० हजार बेरोजगार युवा छन् । बैठकमा सरकारले खडेरी र डुबानबाट धानबालीमा क्षति बेहोरेका किसानलाई प्रतिकठ्ठा एक हजार ५०० का दरले राहत उपलब्ध गराउने निर्णय भएको छ ।

किसानलाई राहत दिँदा रु ३६ करोड र युवालाई बेरोजगार भत्ता दिँदा ३५ करोड रूपैयाँ खर्च हुने अनुमान गरिएको मुख्यमन्त्री यादवले जानकारी दिए । किसानलाई राहतस्वरूप रु एक हजार ५०० प्रतिकठ्ठा राहतस्वरूप उपलब्ध गराउने प्रक्रियामा रहेको उनले बताए ।

यस वर्ष लामो समय खडेरीको मारमा परेका मधेस प्रदेशका किसानहरू गत असोजको अविरल वर्षाबाट पुनःडुबान पीडित भएका थिए । मनसुन अवधिमा लामो समय खडेरी परेपछि प्रदेश सरकारले मधेसका जिल्लालाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०६/२७ मा दर्ता भएको **प्रा. लि. नं. ३००६६६** को **डोडम एम. एस नेपाल प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०८/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**मालपोत कार्यालय कटारी, उदयपुर**

**मालपोत कार्यालय कटारीबाट जारी भएको छुट जग्गा दर्ताको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

जिल्ला उदयपुर साविक रिस्कु वडा नं. ८ भई हाल परिवर्तित कटारी नगरपालिका वडा नं. ५ वस्ने श्री नन्दराज गिरीले तपशिल वमोजिमको जग्गा साविक देखि हालसम्म मेरो/हाम्रो हकभोगमा रहेको नम्वरी जग्गा सर्भे नापीको समयमा नाप नक्सा गरि फिल्डबुक कायम भइ दर्ता छुट भएकाले मेरा नाममा छुट जग्गा दर्ता गरि पाउँ भनि आवश्यक कागजात संलग्न राखी यस कार्यालयमा दर्ता नम्वर ८७८ मिति २०८२/०८/०७ मा माग निवेदन गरेको । तपशिल वमोजिमको जग्गा साविक देखि हालसम्म भोगचलन गरेको हो होइन ? वा निवेदकको नाममा मात्र छुट जग्गा दर्ता गरिदिँदा कोही कसैको हक मेटीने भए वा अ? कोही कसैको हकदावी भए वा कुनै व्यहोराले कोही कसैलाई लिखत गरिदिएको भए वा मालपोत ऐन २०३४ संशोधन सहित दफा २ को खण्ड (ख)२ र खण्ड (ख)३ को परिभाषा भित्र पर्ने सरकारी वा सार्वजनिक जग्गा हो होइन ? भनि सोही ऐनको दफा ७ र ८ वमोजिम सबैको जानकारीका लागि यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त माथिका परिभाषा भित्र पर्ने भएमा म्याद भित्रै सबुत प्रमाणका साथ उपस्थित भई दावी उजुरी गर्नुहोला अन्यथा कानुन वमोजिम भई जाने व्यहोरा अनुरोध छ ।

तपशिल

निवेदकले छुट जग्गा दर्ता (नामसारी) को लागि माग गरेको जग्गाको विवरण

**निवेदकले छुट जग्गा दर्ता (नामसारी) को लागि माग गरेको जग्गाको विवरण**

| जिल्ला | गाविस | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| उदयपुर | रिस्कु-८(ख) | ३० | ०-७-१६ | |

**फिल्डको व्यहोरा**

यसमा फिल्डबुकको जोताहाको महलमा प्रति लेखि कैफियत महलमा गरुडध्वज गिरीको नम्बरी हो भनि लेखिएको साविक गाविस रिस्कु वडा नं. ८ख कि.नं. ३० को जग्गा सर्भे नापीको समय (२०२९ साल) मा प्रगन्ना देवीधाप मौजा सोक्लाहा रैती गरुडध्वज गिरीको नाममा नाप नक्सा भएको र उक्त समयमा आफैं उपस्थित हुन नसकी सो जग्गा दर्ता गर्न छुट भएको र गरुडध्वज गिरीको मिति २०६३ सालमा तथा नीजकी एकमात्र पत्नी नरमाया गिरीको पनि मिति २०३५ सालमा मृत्यु भइसकेको, नीजहरूबाट जायजन्म भएका तीन छोराहरू र दुई छोरीहरूमा २ वहिनी छोरीहरू सामाजिक परम्परा अनुसार विवाह भई अन्यत्र गईसकेको हुँदा मृतक दम्पतीको शेषपछि जग्गा नामसारी गरि खान पाउने नजिकका कानुनी हकदारहरूमा ३ भाई छोराहरू मात्र भए तापनि माइला छोरा दुर्योधन गिरीको मिति २०८०।०८।२१ गते र नीजकी एकमात्र पत्नी दुर्गा देवी गिरी राणाको पनि मिति २०७५।०४।३० गते मृत्यु भएको, नीज दम्पतीबाट १ भाई छोरा र १ वहिनी छोरीको मात्र जायजन्म भएकोमा १ वहिनी छोरीको आज अगावै विवाह भई अन्यत्र गइसकेको हुँदा अव उप्रान्त म निवेदक नन्दराज गिरी, कान्छो छोरा तेज प्रसाद गिरी र भतिज सुर्यधन गिरी गरि ३ जना मात्र भएकोमा तेज प्रसाद गिरी र सुर्यधन गिरीले हक छोडेका हुनाले साविक देखि हाम्रो हकभोगमा रहेको उल्लेखित जग्गा मेरो एकलौटी नाममा छुट जग्गा दर्ता (नामसारी) गरि पाऊँ भनि माग निवेदन गरेको ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०८०/०६/१४ मा दर्ता भएको प्रा.लि.नं. ३२०५१९ को **गुम्पु फाउण्डेशन मुनाफा वितरण नगर्ने** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०७/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**
**चाबहिल काठमाडौंको**

**१६औं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

पुन दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२ मंसिर ११

उपरोक्त सम्बन्धमा यस शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. चाबहिल काठमाडौंको मिति २०८२ मंसिर ६ गते शनिबार बसेको सञ्चालक समितिको १४६औं बैठकको निर्णय अनुसार तपसिलमा उल्लेखित मिति, स्थान र समयमा देहाय बमोजिमका प्रस्तावहरूमा छलफल गरि निर्णय गर्नको लागि यस संस्थाको १६औं वार्षिक साधारण सभाको आयोजना गरिएको हुँदा उक्त साधारण सभा कार्यक्रममा अनिवार्य उपस्थित भई दिनुहुन सम्पूर्ण शेयर सदस्य ज्यूहरूमा हार्दिक अनुरोध गर्दछौ ।

**छलफलका लागि प्रस्तावहरू :**

१. सञ्चालक समितिको बार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१/८२ को वार्षिक लेखा परिक्षण प्रतिवेदन छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८१/८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन छलफल गरि पारित गर्ने सम्बन्धमा ।
४. आ.व २०८१/८२ मा संचालक समितिले गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।
५. आ.व. २०८२/८३ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. साधारण सभाको निर्णय पुस्तिका प्रमाणिकरण गर्न संचालक समिति र शेयर सदस्यहरूको तर्फबाट प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
७. विविध ।

**साधारण सभा कार्यक्रम**
**मितिः २०८२ साल पौष १२ गते शनिबार**
**स्थानः नवदुर्गा पार्टी भेन्यू, सुकेधारा, काठमाडौं**
**समयः दिनको १:३० बजे**

**संचालक समितिको आज्ञाले**
**तेज नारायण श्रेष्ठ**
**सचिव**

**शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**
मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं
फोन नं.४५६१३२७, ४५६१७५६
सदस्य सेवा केन्द्र, न्युरोड, काठमाडौं



**बर्जु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**अमाहिवेल्हा, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

**शिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना नं. BRM/SUNSARI/NCB/WORKS/3/2082/083**
**प्रकाशित मिति २०८२ मंसिर ०८ गते**

यस गाउँपालिकाले तपसिल बमोजिमको ठेक्का लागि मितिः २०८२ असोज ३० गते सूचना प्रकाशित गरी ई-विडिङ्ग सम्बन्धी बोलपत्र माग गरिए अनुसार दर्ता हुन आएको बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले बोलपत्र स्वीकृतिको लागि मूल्यांकन समितिबाट सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरिएको रकम रू. (भ्याट र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| १ | BRM/SUNSARI/NCB/WORKS/3/2082/083 | Construction work of Ward-02 Office Building Barju (बर्जु वडा नं.२ को वडा कार्यालय निर्माण) | Sahebganj construction Private limited. Sunsari | रू. ६४,३८,१४७.९५ |

**प्रमुख प्रशासकीय अधिकृत**



**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**बोलपत्र स्वीकृतीका लागि आशयको सूचना**

**प्रकाशित मिति : २०८२/०८/११**

